# मलंगवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मलंगवा, सर्लाही
मधेश प्रदेश, नेपाल

प. सं. : २०८१/०८२
च. नं. : २९६९

मिति: २०८२/०२/१२

## करारमा सेवा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित २०८२/०२/१२**

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ । कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्वेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराईएको छ । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन रहेको छ । यस कार्यक्रम अन्तर्गत सर्लाही जिल्ला मलंगवा नगरपालिकामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सुचना प्रवाह गर्न तथा वैदेशिक रोजगारसंग सम्बन्धित मुद्दामा सहयोग तथा सहजीकरण, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि सचेतीकरण कार्यक्रम सञ्चालन गर्न मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता सञ्चालन गर्नका लागि न्युन अनुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकबाट तल उल्लेखित पदका लागि ३० दिनभित्र दरखास्त आव्हन गरिएको छ ।

तपसिल

**विज्ञापन नं. १/०८१/०८२**

| क.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | जिल्ला कार्यक्रम संयोजक | १ (एक) | • मान्यता प्राप्त शिक्षण संस्थाबाट मानविकी तथा सामाजिक संकाय व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा स्नातक तह उतिर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा संचालनमा पाँच वर्षको अनुभव भएको कम्तीमा दुई वर्ष अधिकृत स्तरमा रही कार्य गरेको अनुभव भएको ।<br>• स्थानीय तथा प्रदेश सरकारसंग निकटतम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• कम्प्युटर सम्बन्धि ज्ञानका साथै MS. Office (Word, Excel, Powerpoint, Outlook, Email, Internet, KOBO Tool etc) सहज रुपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने । |

विज्ञापन नं. २/०८१/०८२

| | | | |
|---|---|---|---|
| २ | आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता | १ (एक) एकजना महिला अनिवार्य | • मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रमाणपत्र तह वा दश जोड दुई उतीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा तीन वर्षको कार्यानुभव भएको ।<br>• स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानुन विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिइनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान भएको, Word, Excel, Powerpoint मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्नेछ ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने । |

विज्ञापन नं. ३/०८१/०८२

| | | | |
|---|---|---|---|
| ३ | मनोसामाजिक परामर्शकर्ता | १ (एक) महिला | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाज शास्त्र/सोसियल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्रेजुएट डिप्लोमा इनकाउन्सेलिङ्ग उतीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान भएको (Word, Excel, Powerpoint) मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्नेछ ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।<br>**नोट : यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनुपर्नेछ ।** |

विज्ञापन नं. ४/०८१/०८२

| | | | |
|---|---|---|---|
| ४ | वितीय साक्षरता सहजकर्ता | १ (एक) महिला | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्युनतम प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई उतीर्ण गरेको, प्रौढ शिक्षा वा व्यस्क साक्षरता वा अध्यापनमा अनुभव भएको । |

| | | | |
|---|---|---|---|
| | | | • सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा वा सामाजिक विकासको क्षेत्रमा कम्तीमा दुई वर्षको कार्यानुव भएको महिलालाई प्राथमिकता दिईनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान भएको (Word, Excel, Powerpoint) मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्नेछ ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।<br>नोट : यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनुपर्नेछ । |

विज्ञापन नं. ५/०८१/०८२

| | | | |
|---|---|---|---|
| ५ | रिटर्नी स्वयंसेवक | ३ (तीन) | • न्युन्तम कक्षा आठ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेशियामा गई कम्तीमा एक वर्ष काम गरेको अनुभव भएको ।<br>• सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• नेपाली भाषा जानेको र स्थानीय हुनुपर्नेछ ।<br>नोट : यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनुपर्नेछ । |

- कार्य अवधि : हाललाई २०८२ पौष मसान्तसम्म । कार्यक्रमको आवश्यक्ता तथा कार्य सम्पादन मुल्यांकन अनुसार नवीकरण हुन सक्नेछ ।
- परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक ।
- तलब तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार ।
- आवेदन दस्तुर : वि.नं. १ लाई रु. १,०००/-, वि.नं. २, ३, ४ लाई रु. ६००/- र वि.नं. ५ लाई रु. २५०/-
- आवश्यक कागजातहरु : माथी उल्लखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तीमा पनि दुईजना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नं. सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको दुई प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित यस पालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।
- छनौट प्रक्रिया : प्रारम्भिक छनौटमा परेका उम्मेदवारलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिनेछ । प्रत्येक पदमा अवसरबाट बञ्चितीकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्बन गरिनेछ
- दरखास्त दिने अन्तिम मिति : मिति २०८२/०३/१० गतेको दिन कार्यालय समयभित्र बुझाउन सकिनेछ । साथै सो मितिपछि ७ दिनसम्म डब्बल दस्तुर तिरी आवेदन दिन सकिनेछ।
- पाठ्यक्रम : मलंगवा नगरपालिकाको वेबसाइट : www.malangwamun.gov.np मा हर्न सकिनेछ

नोट : अन्य जानकारीको लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

होमनाथ सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

होमनाथ सुवेदी
प्रमुख प्रशासकीय अधिकृत